# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को कौ.पा. बैठक संख्या:- १९

मितिः- २०८२।०२।०५ गते सोमबार

बैठक प्रारम्भः- बिहान ७:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको १९ औं बैठक निम्न पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसी निम्न अनुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पद | पदाधिकारीको नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | उपप्रमुख | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री बुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुदावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती त्रिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंगा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

## आ.व. ०८१/८२ को का.प. बैठक संख्या:- १९

मितिः- २०८२।०२।०५ गते सोमबार

बैठक प्रारम्भः- विहान ७:०० बजे

<u>प्रस्तावहरु</u>

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा।
२. नगरपालिका स्थापना दिवसको समिक्षा सम्वन्धमा ।
३. संस्थागत विद्यालय संचालन सम्वन्धमा ।
४. Nick Simons Institute(NSI) साझेदारी सम्वन्धमा ।
५. पूर्ण खोप घोषणा सम्वन्धमा ।
६. १५ वेड अस्पताल निर्माणको म्याद थप सम्वन्धमा ।
७. विविध
   क. भ्रमण स्वीकृत सम्वन्धमा ।
   ख. जग्गा प्राप्ती सम्वन्धमा ।
   ग. जग्गा वर्गीकरण छुट सम्वन्धमा ।
   घ. वाढी पिडित नाम एकिन सम्वन्धमा ।
   ङ. पाइप खरिद सम्वन्धमा ।
   च. रकम भुक्तानी सम्वन्धमा ।
   छ. योजनाको शीर्षक परिवर्तन सम्वन्धमा ।
   ज. खराङ हात्तीसुडे सडक सम्वन्धमा ।
   झ. शिवालय मन्दिर जाने सडक मर्मत सम्वन्धमा ।
   ञ. विपन्न नागरिकलाई सहायता तथा अन्य विपद् सहयोग सम्वन्धमा ।

ओम्कार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण कुमार तामाङ



द्रष्टव्यः निर्णयसँग सम्वन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्या:- १९

मिति:- २०८२।०२।०५ गते सोमबार

बैठक प्रारम्भ:- बिहान ७:०० बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

<u>निर्णयहरु</u>

**<u>निर्णय नं. १.</u>** प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२ वैशाख १८ गते बसेको १८ औं कार्यपालिका बैठकको समिक्षा गर्दा प्रस्ताव नं.२, र ३ विविध क,ख,घ,ङ र च कार्यान्वयनमा गएको व्यहोरा कार्यपालिका बैठकमा जानकारी गर्ने निर्णय गरियो।

**<u>निर्णय नं. २.</u>** प्रस्ताव नं. २ उपर छलफल गर्दा चैनपुर नगरपालिकाको ११ औं स्थापना दिवस यहि मिति २०८२ वैशाख २४ र २५ गते भव्यताका साथ सम्पन्न भयो उक्त कार्यक्रममा उपस्थित प्रमुख अतिथि, विशिष्ट अतिथि, ललितपुर महानगरपालिका प्रमुख एवं ललितपुर महानगरपालिकाको टोली, जिल्ला समन्वय समिति प्रमुख, जिल्लाका सबै स्थानीय तहका प्रमुख,जिल्ला समन्वय समिति उपप्रमुख, जिल्लाका सबै स्थानीय तहका उपप्रमुख, प्रमुख जिल्ला अधिकारी लगायत सबै महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दै आगामी दिनहरुमा समेत विशेष सहयोगको आशा अपेक्षा सहित उक्त कार्यक्रममा विविध शीर्षकमा खर्च भएको जम्मा खर्च रु.२८५५२६ दुई लाख पचासी हजार पाँच सय छबीस मात्र भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं. ३.</u>** प्रस्ताव नं. ३ उपर छलफल गर्दा चैनपुर नगरपालिका वडा नं.१० स्थित संखुवासभा ब्राइट फ्युचर इङलिस स्कूलले संचालनको लागि निवेदन पेश गरेको हुँदा थप अध्ययन गरि आगामी बैठकबाट निर्णय गर्ने ।

**<u>निर्णय नं. ४.</u>** प्रस्ताव नं. ४ चैनपुर नगर अस्पताल सबलीकरण साझेदारी कार्यक्रमका लागि Nick Simons Institute (NSI) सँग साझेदारीका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ५.</u>** प्रस्ताव नं. ५ चैनपुर नगरपालिकाको पूर्ण खोप दिगोपना घोषणाको लागि जिल्ला खोप समन्वय समितिलाई सिफारिस गर्ने निर्णय गरियो

**<u>निर्णय नं. ६.</u>** प्रस्ताव नं. ६ यस चैनपुर नगरपालिका र स्वामी नाराण/विनायक जे.भी. वीच ठेक्का नम्वर CM/NCB/W/09/077/078 को १५ शैय्याको अस्पताल निर्माण गर्न मिति २०७८/३/२२ गते संझौता गरि निर्माण कार्य सुरु गरेकोमा मिति २०८१/१/२१ गतेको कार्यपालिकाको बैठकको निर्णय अनुसार मिति: मिति: २०८२/२/३१ सम्मको लागि दोस्रो पटक म्याद थप गरेको र उक्त समयमा निर्माण सम्पन्न नभएकोले म्याद थपको लागि निवेदन पेश भएको हुँदा उक्त कार्य सम्पन्न नगर्दा कार्यालयलाई थप आर्थिक भार पर्ने देखिएको हुँदा सो ठेक्काको लागि नगरपालिकालाई कुनै थप आर्थिक भार नपर्ने (दायित्व वृद्धि) नहुने गरि मिति २०८३ साल आषाढ मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ७ विविध</u>**

क. चैनपुर नगरपालिका प्रमुख श्री कृष्ण कुमार तामाङज्यू नगरपालिकाको विविध कामले स्वास्थ्य मन्त्रालय र भूमी व्यवस्थापन तथा अभिलेख विभागमा मिति २०८२ जेष्ठ ६ गते देखि २०८२ जेष्ठ ११ गते सम्म भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।

ख. चैनपुर नगरपालिका ८ नं. वडा कार्यालयको प्रशासनिक भवन र आधारभूत स्वास्थ्य सेवा केन्द्र अरुणथानको जग्गा प्राप्ती सम्वन्धमा छलफल गर्दा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- [illegible]

मितिः- २०८२।०२।०५ गते सोमबार

बैठक प्रारम्भः- बिहान ७:०० बजे

उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७९ को ५ को २ बमोजिमको समितिमा सिफारिस गर्ने निर्णय गरियो ।

ग. प्रस्तुत सम्वन्धमा चैनपुर नगरपालिका वडा नं.-३ श्री दुर्गाबहादुर अधिकारी र वोङदी शेर्पाको माग निवेदन बमोजिम जग्गा वर्गीकरणको कार्यान्वयनका लागि सम्वन्धी निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

घ. चैनपुर नगरपालिका-११ मा मिति २०८० असार २ र पुन मिति २०८१ असोज ११ देखि १३ गते सम्म आएको बाढी पहिरोका कारण धेरै खेतीयोग्य जमिनमा क्षति गरेको हुँदा तपसिल अनुसारको नामनामेसी एकिन गर्ने निर्णय गरियो । साथै रु.३३०००। का दर प्रति परिवार दिने

तपसिल

१. लोकमायाँ चौहान चैनपुर ११
२. दिलमायाँ खड्का चैनपुर ११
३. कृष्ण वराल चैनपुर ११
४. पुष्पवहादुर सुवेदी चैनपुर ११
५. चेतवहादुर चौहान चैनपुर ११
६. भरत दाहाल चैनपुर ११

ङ. प्रस्तुत सम्वन्धमा चैनपुर नगरपालिकाबाट विभिन्न वडाहरुबाट विपद्का कारणले सिंचाई आयोजनामा क्षति भई सिंचाई आयोजना संचालन नआएकोले तपसिल अनुसारका शीर्षकमा पाइप खरिदको सिफारिस गर्ने निर्णय गरियो ।

तपसिल

१.चैनपुर-२ चित्लाङ ९० मिटर पाइप खरिद ६३ एम.एम. विपद् शीर्षकवाट र
२. चैनपुर-३ पडारे,गहते,सालघारी वसी ४०० मिटर पाइप खरिद ६३ एम.एम. विपद् शीर्षकवाट
३. यज्ञ वहादुर यसमाली चैनपुर ७ सिंचाई पाइप खरिद ३२ एम.एम. २५० मिटर विपद् शीर्षकवाट
४. भीरखेत हुदै च्यानडाँडा तामाङटोल सिंचाई क्षति भई पाइप खरिद ९० मिटर पाइप खरिद ६३ एम.एम. विपद् शीर्षकवाट
५.चैनपुर १ नुनढाकी पाइप खरिद १०० मिटर ६३ एम एम विपद् शीर्षकबाट

च. प्रस्तुत विषयमा देवीथान युवा क्लव चैनपुर ७ लाइ विविध शीर्षकबाट रु.१५०००। विविध शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

छ. प्रस्तुत सम्वन्धमा खराङ्ग हात्तीसुडे सडकको ठेक्का लागेको च्यानेज भन्दा फरक स्थानमा सडक क्षति भएको हुँदा सडकको नाली तथा पहिरो गएको स्थानमा मर्मत गर्न प्राविधिक ल.ई. तयार गरि प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप [illegible]

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८१/८२ को का.पा. बैठक संख्याः- १९

मितिः- २०८२।०२।०५ गते सोमबार

बैठक प्रारम्भः- बिहान ७:०० बजे

कृष्ण कुमार तामाङ
नगर प्रमुख

ज. चैनपुर नगरपालिका वडा नं.-६ स्थित शिवालय मन्दिरमा मिति २०८२ जेष्ठ १ गते परेको अविरल वर्षाको कारण चैनपुर बाह्रबीसे सडकबाट मन्दिर सम्म जाने सडक भत्किएको हुँदा विपद् व्यवस्थापन शीर्षकबाट प्राविधिक ल.ई.अनुसारको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

झ. चैनपुर नगरपालिका १६ औं नगर सभाबाट प्रत्यायोजित अधिकार अनुसार चैनपुर नगरपालिका विभिन्न वडाहरुको देहायका योजनाहरुको शीर्षक परिवर्तन गर्ने निर्णय गरियो । साथै अनुमोदनका लागि आगामी सभामा पेश गर्ने निर्णय गरियो ।

| क स | योजनाको नाम | रकम | क स | संशोधित योजनाको नाम | रकम | कै |
|---|---|---|---|---|---|---|
| १ | चैनपुर ११ मा खानेपानी व्यवस्थापन चैनपुर ११ | २५०००० | १ | चैनपुर ११ पाइप खरिद चैनपुर ११ | २५००००। | |
| २ | कृषि तथा पशु उत्पादन संकलन खरिद तथा विक्री चैनपुर ११ | २००००० | २ | वडा कार्यालय भवनमा ट्रष्ट निर्माण चैनपुर ११ | २०००००। | |
| ३ | विपन्न परिवार स्वास्थ्य विमा कार्यक्रम चैनपुर २ | १००००० | ३ | पाथिभरा निसानी सडक नाली व्यवस्थापन चैनपुर २ | १०००००। | |
| ४ | माथिल्लो साहूटार सिंचाई कूलो निर्माण चैनपुर ८ | २५०००० | ४ | डंगालीगाँउ राउतगाउँ सडक सोलिङ चैनपुर ८ | २५००००। | |
| ५ | विविध शीर्षक चैनपुर ८ | १००००० | ५ | थरि चौतारा दलदले खोल्सी सोलिङ चैनपुर ८ | १०००००। | |

ञ. चैनपुर नगरपालिकाको विभिन्न वडाहरुबाट विपदका कारण क्षति भई सहयोग माग तथा दीर्घरोगीहरु उपचारको लागि आर्थिक सहयोग माग भई आएकोले तपसिल अनुसारको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो

तपसिल

| सि नं. | नाम थर | ठेगाना | विपद् | दीर्घरोग | रकम रु. | कै |
|---|---|---|---|---|---|---|
| १ | नुमराज सुवेदी | चैनपुर ९ | | | २४००० | २ वण्डल |
| २ | गगन आलेमगर | चैनपुर ७ | | | २००००। | विपद् शीर्षक |
| ३ | निर्मला तामाङ | चैनपुर १० | चटयाङ | | २५०००। | विपद् शीर्षक |
| ४ | गोपाल विश्वकर्मा | चैनपुर ११ | | | २४०००। | २ वण्डल |

उल्लेखित निर्णयहरु गर्दै आजको बैठक १०:१५ बजे यही अन्त्य गरियो।

द्रष्टव्य: निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत